## १) सूर्तिजन्य पदार्थको सेवन र सोको असर

सन २००६ को नेपाल जनसांखिक सर्वेक्षण अनुसार नेपालका ५६.५ प्रतिशत पुरुष र १९.६ प्रतिशत महिलाहरूले सूर्तिजन्य पदार्थ सेवन गर्ने गरेको पाइन्छ। सन २००७ कै तथ्यांक अनुसार १२ प्रतिशत नेपाली किशोर किशोरीहरू धुम्रपान तथा सूर्ति सेवन गर्दछन जसमा ३५ प्रतिशत किशोर किशोरीहरू घरमा अरुले गरेको धुम्रपानबाट पीडित हुने गरेका छन्।

निकोटिन, टार, कार्बनमोनअक्साइड, लिड, नाइट्रोसोमाइन बेन्जोफाइरिन जस्ता ४ हजार भन्दा बढी प्रकारका हानिकारक रासायनिक पदार्थ भएको सूर्तिजन्य पदार्थले क्यान्सर, मुटुरोग, दमखोकी जस्ता झण्डै २५ वा सो भन्दा बढी प्रकारका रोगहरू लगाई मृत्यु गराएर आतंक नै फैलाएको छ।

धुम्रपान तथा सूर्ति सेवनलाई नसर्ने रोगहरू क्यान्सर, मुटुरोग, जीर्ण श्वासप्रश्वास रोगहरूको प्रमुख कारक तत्वको रूपमा लिइन्छ। ९० प्रतिशत फोक्सोको क्यान्सर धुम्रपान तथा सूर्ति सेवनको कारणबाट नै हुने कुरा सावित भैसकेको छ जसलेगर्दा नसर्ने रोगहरूको कारणबाट हुने मृत्युदर बढ्न गई नेपालमा ५१ प्रतिशत पुगेको छ। धुम्रपान तथा सूर्ति सेवनको कारणबाट क्यान्सर, मुटुरोग, जीर्ण दमखोकी जस्ता २५ वा सो भन्दा बढी प्रकारका रोगहरू लागेर नेपालमा वर्षेनी १५ हजारभन्दा बढी व्यक्ति (६ हजार महिला र ९ हजार पुरुषहरू) हरूको मृत्यु हुने गरेको कुरा सन् २००० को सूर्ति आर्थिक सर्भेले जनाएको छ। यस आधारमा धुम्रपान तथा सूर्ति सेवनको कारणले लाग्ने रोगले दैनिक झण्डै ४२ जना र प्रतिघण्टा करीब २ जना नेपालीहरूको ज्यान लिइरहेको अनुमान गरिएको छ। यसले महामारीको रूप लिइरहेको छ।

## २) सूर्तिजन्य पदार्थ सेवन न्यूनिकरणका लागि भएका प्रयासहरू

यस प्रकारको महामारीलाई रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारले विश्व स्वास्थ्य संगठनबाट प्रतिपादित सूर्ति नियन्त्रण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (Framework Convention on Tobacco Control - FCTC) मा सन् २००३ मा हस्ताक्षर गरिसकेको छ। विश्वमा १ सय ७२ देशले अनुमोदन गरिसकेको सो महासन्धिलाई सन् २००६ मा नेपालको संसदबाट पनि अनुमोदन भइसकेको छ।

चुरोट, बिँडी, खैनी, सूर्ति जस्ता धूम्रपान तथा सूर्तिजन्य पदार्थ एक प्रकारको मन्दविष मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएको र क्यान्सर, मुटुरोग र दमखोकी जस्ता नसर्ने रोगहरूको प्रमुख कारक तत्त्व भएकोले त्यस्तो सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण र सेवन गर्ने कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने उद्देश्यले संविधान सभाले मिति २०६७।१२।२८ गते सूर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) बिधेयक, २०६८ लाई सर्वसम्मतिले पारित गरेको छ। सो बिधेयकलाई मिति २०६८।१।२६ गते सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भै ऐनको रूप लिई सकेको छ र मिति २०६८।४।२२ देखि यो ऐन लागु हुँदैछ।

## ३) ऐनका प्रमुख विशेषताहरू

यस ऐनमा जम्मा २७ दफाहरू रहेका छन्। मुख्यतः धुम्रपान तथा सूर्तिजन्य पदार्थको उपभोक्ता लक्षित यो ऐन जनस्वास्थ्यको क्षेत्रमा कोशेढुंगा सावित हुने देखिन्छ। यस ऐनका प्रमुख विशेषताका रूपमा सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न नहुने, उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेटको कुलबाहिरी भागको कम्तिमा पचहत्तर प्रतिशत भागमा चेतावनीमूलक सन्देश तथा चित्र उल्लेख गर्नु पर्ने, सूर्तिजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजन गर्न नपाइने, १८ वर्ष मुनिका व्यक्ति र गर्भवतीलाई सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न नपाइने, ऐन उल्लंघन गर्ने व्यक्तिलाई दण्ड जरिवाना र स्वास्थ्य कर कोषको व्यवस्था रहेका छन्।

यस ऐनका अनुसार सरकारी भवन, स्वास्थ्य संस्था, शिक्षण संस्था, सार्वजनिक सवारी, उद्योग तथा कलकारखाना, होटेल र धार्मिक स्थल जस्ता धेरै मानिसहरू कार्य गर्ने र जम्मा हुने केही प्रमुख सार्वजनिक स्थलहरूमा धुम्रपान गर्न नपाइने व्यवस्था गरेको छ। यस ऐनले निजी निवास र सवारी साधनमा पनि अरु व्यक्तिहरूलाई असर पर्ने गरी धुम्रपान गर्न हुँदैन भन्ने व्यवस्था गरेको छ। ऐनको यस प्रकारको प्रावधानले सार्वजनिक स्थलमा धुम्रपान गर्न नहुने व्यवस्था गरी धुम्रपान नगर्ने झण्डै ६३ प्रतिशत नेपालीहरूको स्वास्थ्य र अधिकारलाई सुरक्षित गर्ने प्रयास भएको छ।

यो ऐनमा उत्पादकले चुरोट, बिँडी र खैनीको बट्टा, तथा पाकेटको बाहिरी कुल भागमध्ये कम्तीमा पचहत्तर प्रतिशत भागमा 'सूर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छ' भन्नेजस्ता व्यहोरासहित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेअनुसार सुर्तीजन्य पदार्थ सेवनका कारण भएका घातक असरको रङ्गीन चित्र प्रस्ट रूपमा बुझ्ने र देखिने गरी छाप्नु तथा अङ्कित गर्नुपर्ने उल्लेख भएको छ। चुरोट, बिँडी र खैनीको बट्टा तथा पाकेटको बाहिरी भागमा राखिने चित्रात्मक चेतावनीमूलक सन्देश तमाम नेपाली जनता खासगरी नेपालका ५० प्रतिशत भन्दा बढी धुम्रपान तथा सूर्ति सेवनकर्ता निरक्षर जनतालाई क्यान्सर, मुटुरोग र दमखोकी लाग्नबाट बचाउन जनचेतना अभिवृद्धि गर्ने अत्यन्त प्रभावकारी माध्यम हुनेछ। यस अवस्थामा चुरोट, बिँडी र खैनीको बट्टामा नेपाली भाषामा चित्र सहित राखिने स्वास्थ्य सन्देश अत्यन्त प्रभावकारी हुन्छ। यो जति ठूलो आकारमा भयो त्यति सूर्तिजन्य पदार्थको हानिकारक असरबारे जनचेतना जगाउन प्रभावकारी हुन्छ। चुरोट, बिँडी र खैनीको बट्टा, तथा पाकेटमा यस्तो सन्देश र चित्र उद्योगहरूले नै चुरोट, बिँडी र खैनीको पाकेट छपाइ गर्दा नै राख्नुपर्ने हुन्छ। तसर्थ यस्तो प्रभावकारी, निःशुल्क, शिक्षा तथा चेतनामूलक माध्यमलाई कार्यान्वयन गर्न सबै पक्षबाट सकारात्मक र सक्रिय सहयोग हुनु आवश्यक छ।

यो ऐनले विदेशी ब्रान्डका चुरोट, बिँडी र खैनी आयात गर्दा पनि त्यस्तो आयात गरिने चुरोट, बिँडी र खैनीको बट्टा वा पाकेटको कम्तीमा ७५ प्रतिशत भागमा 'सूर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छ' भन्नेजस्ता सन्देश र चित्र उल्लेख भएको हुनु पर्ने व्यवस्था गरी चित्रात्मक सन्देशलाई प्राथमिकता दिएको छ। नेपालको संसदबाट समेत अनुमोदित सूर्ति नियन्त्रण सम्बन्धी महासन्धि अनुसार चुरोटको बट्टाको ५० प्रतिशत वा सो भन्दा बढी भागमा चित्रात्मक सन्देश हुनु पर्ने भए तापनि ऐनले पाकेटको कम्तीमा ७५ प्रतिशत भागमा चेतावनीमूलक सन्देश र चित्र लेख्ने प्रावधान राखेर हालको अवस्थामा पहिलो उरुग्वै (८० प्रतिशत) पछि नेपाल चेतावनीमूलक सन्देश र चित्र ठूलो (कम्तीमा ७५ प्रतिशत भागमा) छाप्ने विश्वको दोश्रो देश र दक्षिण एशियाको पहिलो देश हुन गएको छ।

त्यसैगरी यस ऐनले सूर्तिजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजन हुने गरी कुनै पनि प्रकारका सञ्चार माध्यमहरूमा प्रचारप्रसारमा पूर्ण रूपमा रोक लगाउने व्यवस्था गरेको छ । ऐनको यो प्रावधान अत्यन्त जनहितपरक छ किनकि यस्तो मानव संहार मन्दविष धुम्रपान तथा सूर्तिजन्य पदार्थको प्रचार प्रसार गर्नु कति उपयुक्त होला ?

यो ऐनमा व्यवस्था भए अनुसार नयाँ पीडिलाई धुम्रपानको लतबाट जोगाई क्यान्सर, मुटुरोग, श्वास प्रश्वास जस्ता घातक रोग लाग्नबाट बचाउन १८ वर्ष नपुगेका व्यक्ति र महिला र गर्भको शिशुलाई बचाउन गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ विक्रि वितरण गर्न गराउन गैरकानुनी मानिएको पाइन्छ । यो प्रावधान नेपालका नयां पीडिलाई धुम्रपान रूपी मन्दविषको लतबाट जोगाउने एकदमै राम्रो उपाय हो ।

यो ऐनले कसैले पनि फुटकर रूपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न नपाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी व्यवस्था गर्न सक्नेछ भन्ने व्यवस्था गरेको छ । खुद्रा बिक्रीले पनि धुम्रपान गर्न उत्साहित हुनेकुरा स्वयं सेवनकर्ताहरू बताउँछन् । यति मात्र नभै थोरै पैसा हुने गरीब र नाबालकहरूलाई समेत यस प्रावधानले धुम्रपान गर्न उत्साह प्रदान गर्ने देखिन्छ । यसर्थ यस्तो प्रावधानलाई हटाउनु नै जनहितकारी हुनेछ ।

यस ऐनले नेपाल सरकारको कुनै अधिकृतलाई निरिक्षक तोक्ने व्यवस्था गरी अनुगमन कार्यलाई प्रभावकारी र व्यवस्थित गर्ने प्रावधान राखेको छ । त्यस्तै मुद्दा दायर गर्ने, मुद्दा हेर्ने र त्यसका लाथि अधिकारी तोक्ने, कारवाही किनारा लगाउने र सो मा चित्त नबुझे पूनरावेदन गर्न सक्ने प्रावधान समेत व्यवस्था गरेकोछ ।

यो ऐनको उल्लङ्घन गरेमा पाँच हजारदेखि एकलाख रुपैयाँसम्म जरिवाना गर्न सकिने प्रावधान छ । यस ऐनमा नेपाल सरकारले धूम्रपान तथा सूर्तिजन्य पदार्थको नियन्त्रण तथा यसको उपभोगबाट उत्पन्न रोगको रोकथाम र उपचारको लागि स्वास्थ्य कर कोषको स्थापना गर्नेछ भन्ने प्रावधान राखेको छ । यसले गर्दा धुम्रपान तथा सूर्ति सेवनको कारणबाट पीडित गरीब रोगीहरूको उपचारमा सहयोग पुग्ने कुरामा दुईमत छैन ।

यो ऐनको दफा ९ प्रमाणीकरण भएको मितिले १८०औं दिन र अन्य दफाहरू ९१औं दिन देखि प्रारम्भ हुनेछ भन्ने व्यवस्था भएकोले यस अवधिमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमावलीको मस्यौदा तयार गरी स्वीकृतिको लागि पेश गर्ने ७५ वटै जिल्लाहरूमा चेतनामुलक वकालत र अभिमुखीकरण कार्यक्रमहरू संचालन गर्ने संचार माध्यमहरूबाट ऐनको प्रावधानका बारेमा प्रचारप्रसार गर्ने, रणनीति र कार्ययोजना विकास गर्ने उद्योग, गृह, संचार, शिक्षा, अर्थ, कानून, स्थानीय विकास आदि मन्त्रालयहरूसँग समन्वय गर्ने अनुगमन तथा सुपरभिजन गर्ने कार्यहरू गर्नेछ ।


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
टेकु, काठमाडौं ।
२०६७/०६८


# सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८

## छोटो जानकारी




**सरकारी निकाय, शिक्षण तथा स्वास्थ्य संस्था जस्ता सार्वजनिक स्थल र सार्वजनिक यातायातमा सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ अनुसार धुम्रपान तथा सूर्ति सेवन गर्न पाइँदैन ।**

**उक्त स्थलहरूको हाता भित्र**

**धुम्रपान तथा सूर्तिसेवन गरेमा सो स्थलबाट बाहिर निकालिने वा १०० रूपैयाँ जरिवाना वा दुवै सजाय हुनेछ ।**